सामुदायिक आत्मनिर्भर सेवा केन्द्र
कार्यविवरण

टिम	उत्थानशील समुदाय निर्माण (रसुवा बाढी प्रतिकार्य तथा पुर्नलाभ कार्यक्रम)
पद	सामाजिक परिचालक
सुपरिवेक्षक	कार्यक्रम अधिकृत
कार्यस्थल	..... गाउँपालिका ।
सेवा अवधी	२० नोभेम्बर २०२६ देखि ३० डिसेम्बर २०२६

क. पृष्ठभूमि

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र २०४९ सालमा सिन्धुपाल्चोकमा स्थापना भएको सामाजिक संस्था हो । संस्थाले भूमि तथा कृषि अधिकार, जलवायु अनुकूलन जीविकोपार्जन, भूमिमा महिला अधिकार, पुनर्निर्माण तथा पुनर्स्थापना र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका विषयमा काम गर्दै आएको छ ।

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले सहयोगी साझेदार संस्था .....को सहयोगमा रसुवा जिल्लामा भोटेकोशी बाढी प्रतिकार्य तथा पुनर्लाभ कार्यक्रम सञ्चालन गरिरहेको छ । सन् २०२६ अगस्ट २६ मा माथिल्लो ल्हेन्दे खोला जलाधार क्षेत्रमा गएको ठूलो हिम तथा चट्टानसहितको पहिरोबाट उत्पन्न बाढीले रसुवा, नुवाकोट, धादिङलगायतका क्षेत्रमा क्षति पुऱ्याएको सन्दर्भमा यो कार्यक्रम सञ्चालन गरिएको हो । कार्यक्रमको उद्देश्य बाढी प्रभावित समुदायका तत्कालीन मानवीय आवश्यकता सम्बोधन गर्दै आपत्कालीन सहायता, प्रारम्भिक पुनर्लाभ र अत्यावश्यक सेवाहरूको पुनःस्थापनामा सहयोग पुऱ्याउनु हो । कार्यक्रमले प्रभावित समुदाय, स्थानीय सरकार तथा प्रतिकार्य साझेदारहरूसँग समन्वय गर्दै समयमै, पारदर्शी, समावेशी र जवाफदेही रूपमा सहायता उपलब्ध गराउने तथा स्रोतसाधनको प्रभावकारी उपयोगमा जोड दिन्छ ।

पदको उद्देश्य तथा कार्यक्षेत्रः सामाजिक परिचालकको पदको उद्देश्य बाढी प्रभावित समुदायलाई परिचालन गरी प्रतिकार्य तथा पुनर्लाभका क्रियाकलापहरू समुदायस्तरमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउनु हो । कार्यक्रम अधिकृतको मार्गदर्शनमा सामाजिक परिचालकले आवश्यकता पहिचान, सहायता प्राप्त गर्ने घरधुरीको पहिचान तथा सत्यापन, समुदायसँगको परामर्श, कार्यक्रम योजना, राहत तथा पुनर्लाभ सहायता वितरण, अनुगमनको कार्यमा सहजीकरण गर्नेछन् । स्थानीय तह, वडा प्रतिनिधि, समुदायमा आधारित समूह तथा सम्बन्धित साझेदारहरूसँग समन्वय गर्दै महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समूहको अर्थपूर्ण सहभागिता र सहायतामा समतामूलक पहुँच सुनिश्चित गर्न सहयोग गर्नेछन् । साथै, समुदायको गुनासो तथा पृष्ठपोषण अभिलेख र सम्बन्धित जिम्मेवार व्यक्तिसमक्ष सम्प्रेषण गर्ने, आवश्यकता तथा जोखिमबारे समयमै जानकारी दिने कार्यमा सहयोग गर्नेछन् ।

सामाजिक परिचालक निम्न कार्यहरूका लागि जिम्मेवार हुनेछन्:

ख. मुख्य जिम्मेवारीहरु

- कार्यक्रम अधिकृतको मार्गदर्शनमा बाढी प्रतिकार्य तथा पुनर्लाभका क्रियाकलापहरू समुदाय, वडा र गाउँपालिका तहमा सञ्चालन गर्न समुदाय परिचालन तथा सहजीकरण गर्ने ।
- बाढी प्रभावित बस्तीमा द्रुत आवश्यकता पहिचान तथा मूल्याङ्कनका लागि घरधुरी भेटघाट र समुदायसँग परामर्श गरी क्षति, प्रमुख आवश्यकता, जोखिममा रहेका घरधुरी सम्बन्धी तथ्याङ्क सङ्कलनमा सहयोग गर्ने ।
- कार्यक्रमले तोकेका मापदण्डअनुसार सहायता प्राप्त गर्ने घरधुरीको पहिचान, विवरण सङ्कलन तथा सत्यापनमा सहयोग गर्ने र दोहोरो सहायता, घरधुरी छुट्ने अवस्था तथा अनुचित छनोट हुन नदिन सम्बन्धित टोलीसँग समन्वय गर्ने ।
- प्रभावित समुदायसँग नियमित बैठक तथा छलफल गरी प्रारम्भिक आवश्यकता र सुझावका आधारमा समुदायस्तरका गतिविधि योजना तथा कार्यतालिका तयार गर्न सहयोग गर्ने ।
- राहत तथा पुनर्लाभ सहायता समयमै, पारदर्शी, समतामूलक र जवाफदेही रूपमा लक्षित घरधुरीसम्म पुऱ्याउन वितरणपूर्व तयारी, समुदायलाई सूचना प्रवाह, वितरण व्यवस्थापन तथा वितरणपछिको अनुगमनमा सहयोग गर्ने ।
- आपत्कालीन सहयोग, प्रारम्भिक पुनर्लाभ तथा अत्यावश्यक सेवाहरूको पुनःस्थापनासम्बन्धी स्वीकृत क्रियाकलाप कार्यान्वयनमा समुदाय र सम्बन्धित सरोकारवालासँग समन्वय तथा सहजीकरण गर्ने ।
- महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका समूहको आवश्यकता र आवाज समेट्दै योजना, निर्णय प्रक्रिया तथा कार्यक्रमका क्रियाकलापमा उनीहरूको सुरक्षित र अर्थपूर्ण सहभागिता तथा सहायतामा पहुँच सुनिश्चित गर्न सहयोग गर्ने ।
- स्थानीय तह, वडा प्रतिनिधि, समुदायमा आधारित समूह, स्थानीय संघसंस्था र मानवीय सहायता प्रदायकहरूसँग नियमित सम्पर्क तथा समन्वय गरी गतिविधिमा दोहोरोपन कम गर्न र आवश्यक सहयोग पुर्‍याउन सहजीकरण गर्ने ।
- समुदायलाई कार्यक्रमका गतिविधि, सहायता छनोटका मापदण्ड, वितरण प्रक्रिया तथा पृष्ठपोषण र गुनासो दिने माध्यमबारे स्पष्ट र पहुँचयोग्य जानकारी उपलब्ध गराउने । साथै समुदायको पृष्ठपोषण तथा गुनासो सुरक्षित र गोपनीय रूपमा अभिलेख गर्ने, सम्बन्धित जिम्मेवार व्यक्तिसमक्ष समयमै पठाउने र समाधानको अवस्थाबारे अनुगमन तथा समुदायलाई जानकारी दिन सहयोग गर्ने ।
- तथ्याङ्क व्यवस्थापन तथा दस्तावेजीकरण अधिकृतसँग समन्वय गरी गतिविधि, उपलब्धि, चुनौती, सिकाइ, समुदायको पृष्ठपोषण तथा घटना अध्ययन अभिलेख गर्ने; सूचित सहमति र गोपनीयता कायम गर्दै

आवश्यक तस्बिर तथा विवरण सङ्कलन गर्ने र दैनिक अभिलेख तथा नियमित प्रतिवेदन अद्यावधिक गरी सुपरिवेक्षकलाई बुझाउने ।

- समुदायको बदलिँदो आवश्यकता तथा क्षेत्रगत अवस्थाबारे प्रतिकार्य टोलीलाई नियमित सूचना उपलब्ध गराई योजना परिमार्जन र तत्कालीन राहतबाट प्रारम्भिक पुनर्लाभतर्फको कार्यमा सहयोग गर्ने ।
- मानवीय सिद्धान्त, आचारसंहिता, संरक्षण तथा सुरक्षासम्बन्धी मापदण्ड, लैङ्गिक समानता, अपाङ्गता तथा सामाजिक समावेशीकरण, तथ्याङ्क सुरक्षा र संस्थागत तथा साझेदारका लागू नीति पालना गर्ने तथा सुपरिवेक्षकले तोकेका पदसँग सम्बन्धित अन्य कार्य गर्ने ।

ग. न्युनतम योग्यता

शैक्षिक योग्यता	कार्य अनुभव	दक्षता
न्युनतम दश दुई जोड उतीर्ण भएको हुनुपर्ने।	स्थानीय समूह तथा समुदाय परिचालन, स्थानीय सरकार तथा समुदायसँगको सम्पर्क, समन्वय तथा सहकार्य, सहभागितामूलक ग्रामीण विकास, आदि बिषयमा कम्तीमा १ वर्षको ज्ञान र अनुभव भएको ।	• सम्बन्धित स्थानीय तहअन्तर्गतका वडा तथा समुदायको भौगोलीक, सामाजिक साँस्कृतिक परिवेशको राम्रो जानकारी भएको । • स्थानीयतहसँग प्रभावकारी सम्पर्क समन्वय गर्न सक्ने । • समुदायमा नियमित बैठक तथा छलफल सञ्चालन गर्न सक्ने । • स्थानीय भाषा बोल्न सक्नेलाई प्राथमिकता ।